Rupantaran: A Multidisciplinary Journal
Vol. 9: Additional Issue, PP 61-72, Dec, 2025
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI**: https://doi.org/10.3126/rupantaran.v9i01.89356
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# विधा शिक्षणमा प्रविधिको उपयोग

मीनप्रसाद अधिकारी[1]
Email : *adhikarimin010@gmail.com*

**सार**

विद्यार्थीको बोध र अभिव्यक्ति क्षमताका विकासका लागि विधा शिक्षणलाई महत्वपूर्ण मानिन्छ । विधा शिक्षणले भाषा र भाषेत्तर विषय बुझ्ने, बुझेका कुरा सफल ढङ्गले अरूसामु अभिव्यक्त गर्न सक्ने क्षमताको विकास गराउँदछ । यसै कारणले भाषा पाठ्यपुस्तकमा विषयगत र विधागत विविधता भएका पाठ्यांशहरू समावेश रहेका हुन्छन् । यसबाट भाषाका आदानात्मक र प्रदानात्मक सिपको विकास हुन्छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयजन्य ज्ञानलाई संरचनागत र प्रस्तुतीकरण ढाँचा वा स्वरूपमा ढालेर अभिव्यक्त गरिने हुँदा प्रत्येक पाठ्यांशले फरक फरक किसिमले विद्यार्थीमा रुचि जगाउँदछ । यसका कारण विद्यार्थीहरू सिक्ने कुरामा जागरुक हुन्छन् । प्रत्येक पाठको संरचनात्मक ढाँचा (विधा) को भिन्नताले सिकारूको सिकाइलाई गति प्रदान गर्छ । यसका साथै सिकेका कुराको सबलीकरण गर्दै नवीनतातर्फ उन्मुख गराउने कुरामा भाषा पाठ्यपुस्तकमा समावेश भएका विधाहरू सचेत रहेका हुन्छन् । प्रस्तुत लेखमा वि.सं. २०८० सालमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित माध्यमिक तह कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश भएका विधाका क्षेत्रहरू (कथा, कविता, निबन्ध, जीवनी, रूपक, दैनिकी, भाषातत्व र शब्दभण्डार) मध्ये कविता र कथा विधाको शिक्षणमा प्रविधिको प्रयोगसम्बन्धी चर्चा गरिएको छ । कथा र कविता विधाको शिक्षणमा प्रविधि र सर्च इन्जिनको प्रयोगबाट शिक्षण गर्ने तौरतरिकाका बारेमा प्रकाश पारेर यस लेखमा उल्लेख गरिएको छ । विधा शिक्षणमा प्रविधि कसरी र कस्तो प्रकारले प्रयोग भइरहेको छ भन्ने मूल समस्या र  विधा शिक्षणमा प्रविधिको भूमिका र प्रभावकारिताको विश्लेषण गर्नु उद्देश्य राखी तयार यो लेख नेपाली भाषाशिक्षणमा संलग्न माध्यमिक तहका शिक्षक, विद्यार्थी, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक तथा सरोकारवाला सबैका लागि उपयोगी बनेको  छ ।

---

[1] लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली शिक्षा विषयको उप प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । Orchid ID: 0009-0009-9664-7645

*शब्दकुञ्जी* : एनिमेसन, डिजिटल प्रविधि, विधा शिक्षण, भाषिक सिप , सर्च इन्जिन,

**परिचय**

विधा भन्नाले साहित्यिक अभिव्यक्तिका संरचनागत रूपहरू, जस्तै कथा, कविता, निबन्ध, नाटक आदि, जसले विचार र अनुभूतिको कलात्मक प्रस्तुति दिन्छन् । विधा शिक्षण भनेको यस्ता साहित्यिक रूपहरूको प्रयोगमार्फत विद्यार्थीमा भाषिक, सौन्दर्यात्मक र विश्लेषणात्मक सिप विकास गर्ने प्रक्रिया हो । प्रविधि भन्नाले ज्ञान, सीप, उपकरण र प्रणालीहरूको संयोजन हो, जसको प्रयोगले शिक्षण सिकाइलाई सहज, अन्तर्क्रियात्मक र प्रभावकारी बनाउँछ । आधुनिक सूचना तथा सञ्चार प्रविधि (ICT) का माध्यमबाट शिक्षणलाई सजीव, दृश्यात्मक र विद्यार्थी–केन्द्रित बनाइन्छ, जसले सिकाइलाई स्थायी र परिणाममुखी बनाउँछ । पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको हुन्छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादाम्य कायम गर्दै यसको सहज प्रयोगका लागि शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका खेल्नु पर्दछ, यसका लागि वर्तमान डिजिटल सामग्रीको प्रयोगलाई शिक्षण सिकाइमा प्रयोग गर्नु आवश्यक हुन्छ । वर्तमान शिक्षण सिकाइ प्रक्रियामा साहित्यिक विधा शिक्षणलाई केवल परम्परागत पाठ्यपुस्तक र व्याख्यानमा मात्रै सीमित राख्दा विद्यार्थीको चासो घट्ने र सिकाइ अस्थायी प्रकृतिको मात्र हुने देखिन्छ । डिजिटल युगमा सूचना तथा सञ्चार प्रविधिको प्रभावले शैक्षिक क्रियाकलापलाई नवीन तरिकाले प्रस्तुत गर्ने आवश्यकता देखिन्छ ।

शिक्षा मानव जीवनको मूल आधार हो भने भाषाशिक्षण त्यसको अभिन्न हिस्सा हो । भाषिक क्षमता अभिवृद्धिका लागि विधा शिक्षण महत्वपूर्ण मानिन्छ (भण्डारी, २०७४) । साहित्यिक विधाहरूको अध्ययनले विद्यार्थीलाई सिर्जनशील र सामाजिक चेतना सम्पन्न बनाउन मदत गर्दछ । परम्परागत रूपमा विधा शिक्षण पाठ्यपुस्तकमा आधारित व्याख्या र पठनपाठनमा सीमित रहँदै आएको भए पनि आधुनिक युगमा प्रविधिको तीव्र विकासले शिक्षण अध्ययन प्रक्रियामा आमूल परिवर्तन ल्याएको छ । प्रविधि प्रयोगले शिक्षणलाई दृष्टान्तमूलक, जीवन्त र अन्तरक्रियात्मक बनाउन ठुलो योगदान पर्याएकोछ (रिमाल, २०५७) । उदाहरणको लागि कथा शिक्षणमा भिडियो, चलचित्र वा एनिमेसनको उपयोगले विद्यार्थीलाई घटनाक्रम बुझ्न सजिलो हुन्छ भने कविता शिक्षणमा ध्वनि, चित्र र डिजिटल प्रस्तुतीकरणले भाव र लय अनुभव गर्न मदत गर्दछ । यसरी प्रविधिको सहारा लिँदा विद्यार्थीको सक्रिय सहभागिता बढ्छ, सिकाइ स्थायी हुन्छ र विविध सिकाइ शैली भएका विद्यार्थीहरूलाई समान अवसर मिल्छ । भाषा शिक्षण भन्नाले भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को बारेमा शिक्षार्थी र प्रशिक्षक विच हुने सार्थक अन्तक्रिरया बुझिन्छ, जसका लागि प्रविधिका साधनले भरपूर सहयोग पुर्याउँदछन् (युनेस्को, सन् २०१३) । विद्यार्थीहरूमा भाषिक सिपहरूको विकास गराउन विधा शिक्षणको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

शिक्षा मन्त्रालयले शिक्षकका लागि आठओटा सक्षमता निर्धारिण गरेको छ । तत्कालीन शैक्षिक जनशक्ति विकास केन्द्रले तयार पारेको शिक्षक सक्षमताको प्रारूप शिक्षा मन्त्री अध्यक्ष रहेको शैक्षिक जनशक्ति विकास परिषद्ले स्वीकृत गरेबाट यो प्रचलनमा आएको हो र शिक्षकसँग यसको प्रयोग गरेर शिक्षण गर्ने ल्याकत रहनुपर्दछ भन्ने मान्यता कायम भएको छ । शिक्षकमा कक्षाकोठाको शिक्षण सिकाइमा आफूमा यी सक्षमता हुनु पर्ने कुरा अगाडि आएको हो । यसमा शिक्षामा गुणस्तर ल्याउनका लागि शिक्षकमा हुनुपर्ने आठओटा सक्षमता किटान गरिएको छ । आठओटा सक्षमताको आठौं नम्बरमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सक्षमता रहेको छ । जसमा एउटा शिक्षकमा सूचना तथा

सञ्चार क्षेत्रमा निम्नानुसारको सक्षमता हुनु बाञ्छनीय मानिन्छ :

क) प्रभावकारी शिक्षण सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न,

ख) सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिहरूको छनोट तथा उपयोग गर्न,

ग) सिकारुका आवश्यकता अनुकूल डिजिटल सामग्री विकास गर्न तथा उपलब्ध सामग्रीको अनुकूलन गरी उपयोग गर्न,

घ) सूचना प्रविधिको साधनमार्फत सिकारुहरूको स्वसिकाइ प्रबद्र्धन गर्न आपसी सञ्चार र सहकार्यलाई प्रभावकारी बनाउन,

ङ) सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न,

च) शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै सो अनुकूल पेसागत व्यवहार प्रदर्शन गर्न ।

यसरी हरेक शिक्षकका लागि आफू सक्षम छु भनेर उपस्थित जनाउन आवश्यक पर्ने सक्षमताहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सक्षमता राखिनुले पनि वर्तमान सिकाइमा प्रविधिको आवश्यकता पुष्टि हुन्छ । भाषा सिकाइमा साहित्यका विधा शिक्षणका क्रममा प्रविधिको प्रयोगले शिक्षक तथा विद्यार्थी दुवै पक्षमा सकारात्मक प्रभाव पार्न, सिकाइलाई अनुकूल विषयवस्तु र सन्दर्भ प्रदान गर्न, शिक्षण कार्यकलापलाई आकर्षक र विविधतायुक्त बनाउन र आकर्षक नमूनाद्वारा विविध शैलीको अनुभव गराउन सक्छन् (पौडेल, २०७६) । यसका लागि प्रविधिको प्रयोग अपयोगी हुन्छ ।

नेपालको वर्तमान माध्यमिक तहको शिक्षा प्रणालीमा प्रविधिमूलक शिक्षणको महत्त्वबारे जोड दिइएको भए पनि यसको व्यवहारिक प्रयोग पर्याप्त र प्रभावकारी हुन सकेको छैन । विशेष गरी साहित्यिक विधा शिक्षणमा प्रविधिको प्रयोग सीमित र अव्यवस्थित देखिन्छ । यसै सन्दर्भमा यस अध्ययनले मुख्य रूपमा तीनवटा समस्यालाई केन्द्रबिन्दु बनाएको छ: विधा शिक्षणमा प्रविधि कसरी र कस्तो प्रकारले प्रयोग भइरहेको छ ? यसले विद्यार्थीको सिकाइ, भाषिक दक्षता र साहित्यिक अनुभवमा कस्तो प्रभाव पारिरहेको छ ? र प्रविधिको प्रयोगलाई अझ व्यवस्थित र परिणाममुखी बनाउन के-कस्ता उपाय अपनाउन सकिन्छ ? प्रविधि र विधा शिक्षणको संयोजनले विद्यार्थीलाई भाषिक क्षमता, साहित्यिक सौन्दर्यबोध र जीवनपरक मूल्य सिकाइमा सशक्त बनाउन ठूलो सम्भावना राख्दछ । साहित्यिक विधा शिक्षणमा प्रविधिको उपयोग अपरिहार्य रहेकोले यस अध्ययनले यी समस्याहरूको विश्लेषण र समाधान खोज्ने प्रयास गरेको छ । नेपाली भाषा शिक्षणका क्रममा कक्षा १० को पाठ्यपुस्तकमा समावेश भएका विविध साहित्यिक विधाहरू मध्ये कथा र कविता विधाको शिक्षणमा प्रविधिको उपयोगको पहिचान गर्नु, विधा शिक्षणमा प्रविधिको भूमिका र प्रभावकारिताको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेका छन् । यिनै उद्देश्यमा केन्द्रित भई प्रस्तुत लेख तयार गरिएको छ ।

## विधि तथा सामग्री

प्रस्तुत लेखमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा वर्णनात्मक अध्ययन विधिको पनि प्रयोग गरिएको छ । सामग्री सङकलनका लागि पुस्तकालयीय कार्यलाई बढी उपयोग गरिएको छ । द्वितीय स्रोतका रूपमा भाषा शिक्षण र साहित्य शिक्षणसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, भाषा शिक्षण र साहित्यिक विधाको बारेमा गरिएका अनुसन्धानात्मक शोध प्रतिवेदन र शब्दकोशलाई समेत उपयोग गरिएको

छ । यस लेखमा भाषिक सिप शिक्षणमा साहित्यक विधाको महत्त्वसँग सम्वन्धित भएर शाब्दिक तथ्यङकहरू सङकलन गरी तार्किक विश्लेषण गरिएको छ । यस लेखमा प्रविधि र यसका साधन तथा वर्तमान समयमा प्रविधिको प्रयोगको आवश्यकतालाई पनि उल्लेख गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

भाषा शिक्षणमा साहित्यिक विधाको प्रयोजन अध्ययनका लागि नेपाली भाषा शिक्षण, भाषिक विधा शिक्षण, भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति, नेपाली भाषा र साहित्य शिक्षण, नेपाली भाषा शिक्षणका सन्दर्भहरूलाई प्रमुख सैद्धान्तिक आधार मानिएको छ । यसका लागि अधिकारी (२०७६), पौडेल (२०७६), अधिकारी (२०६७), शर्मा र पौडेल (२०७०), शर्मा र पौडेल (२०७९) हार्मर (सन २००८) आदिका सामग्रीमा उल्लेख भएका नेपाली भाषाशिक्षणसम्बन्धी कुरा र  प्रविधिसम्बन्धी कुरालाई अध्ययन र उपयोग गरिएको छ । भाषा शिक्षण गर्दा कसरी, कुन ढङगबाट विधार्थीलाई अपेक्षित कुशलता हासिल गराउन सकिन्छ भन्नेतर्फ लाग्नु नै महत्वपूर्ण पक्ष हो । भाषा शिक्षणको मूल अभिप्राय भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को अभिवृद्धि गर्नु हो (पोख्रेल र काफ्ले, २०७६,) । विधार्थीलाई भाषाप्रति अभिरुचि जगाएर उद्देश्य प्राप्तिका लागि निरन्तर जुटिरहने बनाएमा मात्र भाषाका सिपका बारेमा आवश्यक मात्रमा ज्ञान दिइ उनीहरूलाई गन्तव्यमा पु¥याउन सकिन्छ । यसका लागि प्रविधिको प्रयोग गर्नु पर्दछ ।

भाषा शिक्षणमा अभ्यासको सर्वाधिक महत्त्व हुन्छ । भाषा शिक्षण र अभ्यासलाई एक अर्काको पुरक मानिन्छ । भाषा भनेको ज्ञान, कला र सिप बढी भएकाले तिनलाई प्राप्त गर्न अभ्यासको निकै ठूलो भूमिका हुने गर्दछ । बढीभन्दा बढी अभ्यासले कला र सिपमा निखार ल्याउँदछ । भाषा शिक्षणमा अभ्यासलाई मुख्य जोड दिएर त्यसै अनुरुपको शिक्षण कार्यक्रम सञ्चालनमा ल्याइन्छ । भाषा शिक्षणमा श्रुति र वाकलाई २० प्रतिशत, पठन र लेखनलाई ४० प्रतिशत र व्याख्या विश्लेषणलाई ४० प्रतिशत समय विभाजन गरेर अभ्यास केन्द्रित गतिविधिहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ (शर्मा र पौडेल, २०७०) । यसका लागि कक्षाकोठामा प्रविधिका साधनको अत्यधिक उपयोगमा ध्यान दिनुपर्दछ । प्रविधिले शैक्षिक तथा प्रशासनिक बोझलाई पनि कम गर्द छ । सूचना प्रविधिले शिक्षकको प्रशासनिक बोझलाई ४० प्रतिशतसम्म कम गर्ने कुरा (मोहन्थी र बोहरा सन् २००६) ले बताएका छन् । प्रस्तुत लेखमा नेपालको सूचना प्रविधि नीति २०५७ र २०७२ मा उल्लेख भएका कुरा र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशन गरेको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ लाई समेत सैद्धान्तिक आधार मानिएको छ ।

## परिणाम र छलफल

### कथा विधा शिक्षण र प्रविधिको प्रयोग

साहित्यको आख्यान विधा अन्तर्गत पर्ने कथा शब्दको शाब्दिक अर्थ ‘जो कसैबाट भनिन्छ’ हो । कथा भन्ने एउटा कला हुन्छ, जुन कलाले हाम्रा अमूर्त विचार वा भावलाई मानवीय तत्व, चरित्र घटना आदिको योगबाट जीवन जस्तो रूप दिन्छ । पूर्वीय वाङ्मयमा कथाको बीज विक्रमको लगभग पच्चिस सय वर्ष पूर्व ऋग्वेदमा पाइने यम यमीको कथा, माधवी र गालवको कथाहरूमा पाइन्छ । यसपछि ब्राह्मण ग्रन्थ र उपनिषद्का साथै रामायण र महाभारत, बौद्ध ग्रन्थमा वर्णन भएका जातक कथाहरू, संस्कृतमा पञ्चतन्त्र र हितोपदेश कथाहरू आदिलाई कथाको पृष्ठभूमिका रूपमा लिन सकिन्छ

(वर्मा, सन् १९७०)। कथा रचनाका हिसाबले विभिन्न प्रकृतिका हुन्छन्। विषयगत रूपमा पनि कथालाई फरक फरक ढङ्गले विभाजन गरिन्छ। कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश भएका कथाहरूमा ऐतिहासिक विषयवस्तुको कथा घरझगडा, मनोवैज्ञानिक विषयवस्तुको कथा शत्रु, सामाजिक विषयवस्तुको कथा कर्तव्य र समसामयिक कथा आयाम समावेश रहेका छन्। यी कथालाई विधातत्व (कथावस्तु, कथानक, पात्र, परिवेश, दृष्टिविन्दु, उद्देश्य र शैलीशिल्प) का आधारमा विश्लेषण गर्ने पाठ्यसामग्रीको विश्लेषण विधि तय गरिएको छ (कक्षा १० को नेपाली पाठ्यपुस्तक)। कथा शिक्षणका विधिहरूमा व्याख्यान, छलफल, प्रश्नोत्तर, तुलना, समीक्षा, परियोजना, पठनवोध, कक्षा प्रस्तुतीकरण आदिलाई महत्वपूर्ण मानिन्छ। यसमा केही विधि परम्परित विधिका रूपमा परिचित छन् भने केही विधिको प्रयोगमा प्रविधिको सहायता लिन सकिने देखिन्छ ।

कथा शिक्षणलाई चरणबद्ध क्रमिक रूपमा शिक्षण गर्नु पर्दछ। विषयवस्तुको सजहताका लागि पनि शिक्षण क्रमको आवश्यकता पर्ने हुन्छ (भट्टराई र अन्य,२०७९)। कथा शिक्षण गर्ने चरणहरूमा प्रस्तावना, कथाकथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण, विशिष्ट पङ्क्तिको व्याख्या जस्ता क्रमको आवलम्बन गर्नु पर्दछ। यसका साथै वर्तमान समयमा कथा शिक्षणका क्रममा प्रविधिको प्रयोग गर्नु आवश्यक हुन जान्छ। माध्यमिक तहमा कथा शिक्षणको क्रम यसरी उल्लेख गर्न सकिन्छ :

(क) प्रस्तावना : शिक्षणीय कथाप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्ने यो चरण परिचय खण्ड हो। यस चरणमा लेखकको परिचय, प्रवृत्ति, सम्बन्धित पाठ वा विषयवस्तुको परिचयात्मक चर्चा गर्न सकिन्छ। कथा विधाको प्रस्तावना शिक्षणका लागि कथाकारको तस्विरहरू, प्रकाशित कृति, मुख्य मुख्य प्रवृत्ति आदि उल्लेख गरेर पावरप्वइन्ट बनाएर कक्षामा प्रस्तुत गर्न सकिन्छ। कथा शिक्षणका क्रममा प्रविधिको प्रयोग गरेर विभिन्न कथाकारहरूको तस्विर देखाएर चिनाउन सकिन्छ। यसका साथै लेखकका प्रकाशित कृतिहरू, प्रमुख प्रवृत्तिहरू आदि लेखेर पावरप्वाइन्टमा देखाएर शिक्षण गर्दा विद्यार्थीहरूले सहजै बुझ्ने गर्दछन्। हामीले विद्यार्थीलाई कथाका कथाकारको बारेमा बुझाउने सन्दर्भमा नाम मात्रै भनेर अगाडि बढ्दा उनीहरू अल्मलिन सक्छन् तर केही फोटा वा तस्विर देखाएर यस कथाको कथाकार उनी हुन् भन्यो भने विद्यार्थीहरू उत्साहित बन्ने गर्दछन्। शिक्षकले एकोहोरो भट्याइरहन पनि नपर्ने देखाएर कसैलाई यो के हो भन भनेर सोध्यो भने उनीहरू नै हेरेर साथीभाईलाई बुझाउने क्षमताको विकासका लागि प्रविधिको प्रयोगले सहयोग गर्दछ। त्यसैले कथा शिक्षणको शुरु मै प्रविधिका साधनको प्रयोगलाई बढवा दिने गरेमा शिक्षणमा सहजता र प्रभाकारिता हुन्छ।

ख) कथा कथन : सम्बन्धित कथाको कथावस्तुका बारेमा विद्यार्थीहरूलाई सकेसम्म विस्तृत रूपमा जानकारी गराउनु कथा शिक्षणको यो चरणको मुख्य उद्देश्य हो। यसका लागि शिक्षकले विद्यार्थीहरूलाई घरमा कथा पढेर आउन पनि लगाउन सक्छन्। यसरी घरमा नै पढेर आउन भन्दा महत्वपूर्ण लाइनहरूलाई सङकेत गरेर आउन समेत भन्नु पर्दछ। जसले कथाका मुख्य मुख्य कुरालाई सम्झन सहयोग पुग्दछ। यो चरणमा प्रविधिको प्रयोग गर्दा कथाका मुख्य मुख्य बुँदा वा घटनाक्रमलाई टिपोट गरेर देखाउने र घटनाक्रम मिलाउने कार्यमा विद्यार्थीलाई सक्रिय बनाउन सकिन्छ। पावर प्वइन्टमा एक एक गरी बुँदा प्रस्तुत गरेर र कुन पछि कुनको क्रममा घटनाक्रम रहेको छ भनी छलफल गरेर सिकाइ प्रभावकारी हुन्छ। कथा कथनका लागि बुँदा टिपोट, सारांश आदिको कार्य गराउनु पर्दछ।

ग) कठिन शब्दको निराकरण : कथा शिक्षणका क्रममा कथाकारको परिचय, प्रवृत्ति र मुख्य मुख्य योगदान पछाडि कथावस्तुको बारेमा जानकारी गराइसकेपछि कथामा प्रयुक्त कठिन शब्दहरू नबुझेका शब्दहरू, उखान टुक्का आदिको बारेमा छलफल गर्नु पर्दछ । वर्तमान समयमा शिक्षक तथा विद्यार्थी दुवैसँग एन्ड्रोइड फोन रहेको र मोवाइल एप्समा विभिन्न प्रकारका शब्दभण्डारका साथै प्रज्ञा वृहत् नेपाली शब्दकोश डाउनलोड गरी अनलाइन अफलाइन चलाउन हेर्न सकिन्छ । यसरी जुनसुकै विधाको शिक्षणका लागि पनि शब्दकोश डाउनलोड अपरिहार्य रहेको छ । प्रविधिको सहज साधन मोवाइलको प्रयोग यसका लागि गर्न सकिन्छ ।

घ) प्रश्नोत्तर : कथा शिक्षणको यो चरण कथा रचना तत्वका आधारमा र लेखकीय प्रवृत्तिका बारेमा लिखित तथा मौखिक प्रश्न सोधी विद्यार्थीहरूसँग सो विषयमा रहेको ज्ञान वा स्पष्टतालाई पहिचान गर्ने कार्य गरिन्छ । प्रश्नोत्तर कार्यमा संलग्न हुँदा शिक्षकले प्रोजेक्टरमार्फत प्रश्नहरू प्रदर्शन गरी उत्तरमा छmलफल गर्न वा विद्यार्थीहरूलाई नै प्रश्न बनाएर सोध्न लगाउन पनि सकिन्छ । प्रश्नोत्तर कार्यमा पनि प्रविधिको सहयोग लिन सकेमा प्रभावकारी शिक्षण हुने देखिन्छ ।

ङ) व्याख्या र विश्लेषण : कथालाई विश्लेषण गर्ने आधार भनेको कथा रचनाका तत्वहरू नै हुन् । रचना तत्वका आधारमा कथालाई सविस्तार बुझाउने कार्य यस चरणमा हुने गर्दछ । कथालाई सविस्तार बुझाउनु र सिकाइ चिर स्थायी बनाउने यो कार्यलाई महत्वपूर्ण मानिन्छ । कथा शिक्षणका क्रममा गरिने व्याख्या विश्लेषणमा बढी व्याख्यान विधिको प्रयोग गरिने भएकाले प्रविधिको प्रयोग सामान्य मात्र हुने गर्दछ ।

च) विशिष्ट पङि्क्तहरूको व्याख्या : पाठ शिक्षणपश्चात पाठको भाव वा आशयलाई बोक्न सक्ने केही विशिष्ट पङ्क्तिलाई सप्रसङ्ग वा भावविस्तारको व्याख्या गर्नुपर्ने हुन्छ । कथा शिक्षणको लेखाजोखाको कार्य यसैमा अडिएको हुन्छ । सप्रसङ्ग व्याख्या गर्ने सन्दर्भमा कुन पात्रले, के प्रसङ्गमा, कसलाई सो कुरा भनेको भनी उल्लेख गरेर देखाउनु पर्ने हुन्छ । प्रविधिको सहायताले पात्रको अभिव्यक्ति र प्रसङ्गलाई देखाइ दिएमा विद्यार्थीहरूले सहजै बुझ्न सक्छन् ।

**तालिका १**

*कक्षा १० मा कथा विधा शिक्षणका लागि प्रयोग गर्न सकिने प्रविधिका साधनहरू*

| कथाको शीर्षक | प्रयोग गर्न सकिने प्रविधिका साधन | प्रयोग गर्ने तरिका | शिक्षण–सिकाइमा अपेक्षित प्रभाव |
|---|---|---|---|
| घरझगडा | प्रोजेक्टर, अडियो बुक, भिडियो क्लिप | घरायशी विवाद देखाउने साना भिडियो क्लिप, अडियोमार्फत कथा सुनाउने | सामाजिक समस्याबारे सचेतना, ऐतिहासिक विषयवस्तुको जानकारी, संवाद सिप र सहिष्णुता विकास |
| शत्रु | प्रोजेक्टर, एनिमेसन मल्टिमिडिया | पात्रहरूको सम्बन्ध र द्वन्द्वलाई एनिमेसनद्वारा देखाउने, कथा सुनाउने | मित्रता, सहकार्य र द्वन्द्व समाधानबारे समझ बृद्धि |
| कर्तव्य | प्रोजेक्टर, अडियो रेकर्ड | कर्तव्यबोधका प्रसङ्गहरू | जिम्मेवारीबोध, कर्तव्यनिष्ठा र |

| कथाको शीर्षक | प्रयोग गर्न सकिने प्रविधिका साधन | प्रयोग गर्ने तरिका | शिक्षण–सिकाइमा अपेक्षित प्रभाव |
|---|---|---|---|
| | | स्लाइडमार्फत देखाउने, गृहकार्य र असाइन्मेन्ट दिने | मुल्यमान्यता प्रवल |
| आयाम | चित्र सामग्री, सामाजिक सञ्जाल, भिडियो क्लिप | सामाजिक परिवर्तनसँग सम्बन्धित दृश्य, केही क्लिपहरू, फेसबुक प्रतिक्रिया लेखन | सामाजिक यथार्थ बुझ्ने क्षमता, सिर्जनशील लेखन तथा आलोचनात्मक सोचको विकास |

कक्षाकोठामा कथा शिक्षण गर्ने सन्दर्भमा शिक्षकले प्रायः कथाकारहरूका बारेमा बुझाउँदा र मुख्य मुख्य घटना क्रम मिलाउने कुरामा शिक्षण गर्दा प्रविधिमा लेखकका तस्विरहरू, प्रमुख कृतिहरू र कथागत प्रवृत्तिहरू उल्लेख गरेर प्रोजेक्टरमार्फत प्रदर्शन गरी शिक्षण गर्न सकिन्छ । कुनै कुनै कथाको विषयवस्तु र सन्दर्भका बारेमा त झन मोवाइलमा खोजेर, युट्युवमा सर्च गरेर पनि भेटिने भएकाले शिक्षक र विद्यार्थी दुबैलाई सहयोग मिल्न सक्छ । कथा शिक्षणमा प्रविधिलाई प्रयोग गर्न सकिने र प्रयोग भइरहेको अवस्था पनि छ । हामीले अबको शिक्षण तौर तरिकालाई प्रविधिमैत्री बनाउन जरुरी पनि छ । यसले गर्दा विद्यार्थीहरूमा पनि सिर्जनात्मक क्षमताको विकास हुने गर्दछ । पाठ्यकथा मात्र नभएर अन्य विभिन्न आख्यानात्मक सामग्रीहरू प्रविधिका विभिन्न साधनमार्फत सबैको सहज पहुँचमा भएको कारण शिक्षण सिकाइ तथा कथा सिर्जनामा समेत सहयोग पुग्न सक्छ । रेडियो, एफ.एमबाट साप्ताहिक रूपमा केही आख्यानात्मक समाग्रीको धाराबाहिक वाचनका कारण कथा विधाप्रति वर्तमान पुस्ताको आकर्षण बढेको र सिर्जनात्मक क्षमतामा बृद्धि भएको देखिन्छ । त्यसमा पनि कक्षा १० का विद्यार्थीको उमेर समूहका कारण पनि अन्य विषयको शिक्षणभन्दा कथा वा आख्यानमा उनीहरूको रूचि बढी भएको कारण पनि हामीले विशेष ख्याल गरेर शिक्षण गर्नुपर्ने हुन्छ । वर्तमान पुस्ता कथा विधाको शिक्षणमा प्रविधिको प्रयोगलाई आत्मसात गरेको रूचाउँछ । कथा शिक्षणमा प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ प्रक्रियालाई थप जीवन्त, रोचक र अन्तरिक्रयात्मक बनाउँछ । यसले विद्यार्थीहरूलाई कथाको परिवेश, पात्र, भाव र सन्देश बुझ्न मदत गर्दछ साथै उनीहरूको कल्पनाशीलता, सिर्जनात्मकता र आलोचनात्मक सोचलाई पनि विकास गर्दछ । यसका लागि प्रविधिका विभिन्न पक्षहरूको अवलम्बन गर्न सकिन्छ । डिजिटल कथा वाचन, अन्तरक्रियात्मक कथा लेखन, कथा विश्लेषणका लागि डिजिटल उपकरणहरूको प्रयोग र भाषानुवाद उपकरणको प्रयोग आदि गर्न सकिन्छ ।

कक्षा १० मा कथा विधा शिक्षण गर्नु साहित्यिक संवेदनशीलता, भाषिक दक्षता र सामाजिक बोध विकास गर्ने महत्वपूर्ण अभ्यास हो । परम्पारगत रूपमा कथा शिक्षण शिक्षकको व्याख्या र विद्यार्थीको श्रवणमा सीमित हुने गर्दथ्यो तर अहिलेको प्रविधिको युगमा कक्षामा प्रविधिको प्रयोग गरेर वा प्रविधिको सहारा लिएर कथा शिक्षण गरियो भने विद्यार्थीमा सक्रियता, आलोचनात्मक सोच र सिर्जनात्मक क्षमतामा उल्लेखनीय सुधार आउँछ । आजको आवश्यकता भनेको हरेक विधा शिक्षणलाई प्रविधिसँग जोड्नु हो (शर्मा एन्ड शर्मा, २०६३) । प्रविधिको प्रयोगले कक्षालाई दृष्टान्तमूलक बनाउन मदत गर्छ । उदाहरणका लागि घरझगडा वा कर्तव्य जस्ता कथाहरू पढाउँदा

मल्टिमिडिया प्रस्तुति, भिडियो क्लिप वा एनिमेसन प्रयोग गर्दा पात्र र घटना क्रमका बारेमा विद्यार्थीको मानसपटलमा सजिलै बस्दछ । यसका कारण कथाबाट प्राप्त हुने नैतिक शिक्षालाई आत्मसात् गर्न सहयोग पुग्दछ ।

**कविता विधा शिक्षण र प्रविधिको प्रयोग**

मानिस चेतनशील र संवेदनशील हुन्छ । उसमा विभिन्न घटनाबाट उत्पन्न हुने सुख, दुःख, घृणा, क्रोध, दया, आशा, निराशा, जस्ता कुरा चलायमान् भइरहन्छन् । प्राकृतिक परिवर्तनका कारण त्यसमा देखिने सौम्य, मनोरम र विकराल रूपले मानिस भावमय हुन्छ (आचार्य, २०६२) । यस स्थितिमा चिर कालदेखि प्राप्त वाणीको वरदानले गर्दा ऊ मुक रहन सक्दैन । त्यसैले ऊ प्रकृतिका उपयुक्त विविध रूप र जीवनका अन्य परिस्थितिबाट उद्वेलित भई आफ्ना अनुभवहरूलाई वाणी दिएर सन्तोष, तृप्ति र आनन्द प्राप्त गर्छ । मानिसको यही प्रवृतिका कारण कविताको जन्म हुन्छ (शर्मा र पौडेल, २०७०) । यसमा भाव कल्पना र बुद्धि तिन ओटै कुराको सम्मिश्रण हुन्छ । कविता एक प्रकारको अनुभूति हो र खास लयमा आधारित हुन्छ । त्यसैले कविता शिक्षणले भाषालाई कलात्मक उच्चतामा पु¥याउँछ । यसको अध्ययनबाट शब्दभण्डार क्षमता, अभिव्यक्ति क्षमता र शैली, भाषा प्रयोग प्रवाह, उच्चारण, परिष्कार, कलाप्रति अनुराग र साहित्यप्रति अभिरूचि बढ्न जान्छ । त्यसैले कविता विधालाई भाषाशिक्षणमा अत्यावश्यक ठानिन्छ । भाषा पाठ्यक्रममा कविता विधाको समावेश गरिनुको मुख्य उद्देश्य भनेको विद्यार्थीको भावना परिष्कार गर्नु र विभिन्न प्रकारका उदात्त भावनाको प्रत्यारोपण गरी चरित्रमा समन्वय गराउनु हो । देश प्रेम, अन्तराष्ट्रिय सद्भावना प्रेम दया, सहानुभूति आदि उच्च र आदर्श गुणको विकासमा कविताले अहम् भूमिका खेलेको हुन्छ । चरित्र निर्माण वैचारिक परिष्कार, बौद्धिक उन्नयन र भाषिक अनुभवका लागि पनि कविता विधा अत्यावश्यक देखिन्छ । यसका साथै भाषा सिकाइलाई उत्पादनशील र सिर्जनशील बनाउन पनि कविता शिक्षणले सहयोग गर्ने भएकाले पनि कक्षा १० को नेपाली पाठ्यपुस्तकमा कवितालाई समावेश गरिएको हो । कक्षा १० को नेपाली पाठ्यपुस्तकमा उज्यालो यात्र, नेपाली हाम्रो श्रम र सिप र गाउँमाथि एउटा कविता गरी तिन ओटा कविता विधालाई समावेश गरिएको छ ।

कविता शिक्षणमा प्रविधिको प्रयोगले विद्यार्थीलाई कविता बुझ्न र अनुभव गर्न सहज बनाउँछ । जस्तै प्रोजेक्टर, स्मार्टबोर्ड वा मल्टिमिडिया स्लाइड प्रयोग गरी कविको जीवन परिचय, पृष्ठभूमि र कवितासँग सम्बन्धित दृश्य सामग्री प्रस्तुत गर्दा विद्यार्थीलाई विषयप्रतिको जिज्ञाशा बढ्छ । अडियो वा भिडियो वाचनमार्फत कविताको सही लय, ताल वा स्वर उच्चारण अभ्यास गराउँदा विद्यार्थीको मौखिक कौशल बृद्धि हुन्छ । प्रविधिले कविताको अमूर्त भावलाई मूर्त स्वरूप दिने गर्दछ । कविता शिक्षणका लागि गीत तथा अभिनय विधि, अर्थवोध विधि, व्याख्या विधि, खन्डान्वयन विधि, व्यास विधि, तुलनात्मक विधि र समीक्षा विधिहरू प्रयोग गर्न सकिन्छ । यी सबै विधिमा प्रविधिको प्रयोग गरेर शिक्षण गर्न सकिन्छ । कविता विधाप्रति रूचि जागृत गराउन अन्त्याक्षरी प्रतियोगिता, समस्या पूर्ति, कवि सम्मेलन, कवि जयन्ती, कवि समादर जस्ता कार्यकलाप गराउन सकिन्छ । यसरी कविता विधा भाषाशिक्षणका क्षेत्रमा अत्यन्तै महत्वपूर्ण विधाका रूपमा लिन सकिन्छ । कविता शिक्षणको क्रम र प्रविधिको उपयोग यसरी गर्न सकिन्छ :

क) प्रस्तावना : यस चरणमा कक्षा १० मा उक्त कविताका कविको बारेमा छोटो परिचय र प्रवृत्ति बताउन सकिन्छ भने प्रायः सबै तहका लागि पाठ्य कविताका बारेमा सामान्य तर अति संक्षिप्त (एक दुई वाक्यमा) परिचय दिनु उपयुक्त हुन्छ । कक्षा १० को सन्दर्भमा भने कविता शिक्षण गर्दा कविका केही वैयक्तिक प्रवृतिहरूलाई बेग्लै पाठमा कविता

शिक्षणभन्दा अगावै शिक्षण गर्नु उपयुक्त हुन्छ । यसले विद्यार्थीहरूलाई पाठ्यवस्तुप्रति अकार्षित गराउन भूमिका निर्वाह गर्दछ । प्रस्तावना शिक्षण गर्दा कक्षामा पाठ्य कविका फोटाहरू, मुख्य मुख्य कृतिहरू, प्रमुख प्रवृत्तिहरू आदिलाई प्रोजेक्टरमार्फत प्रदर्शन गर्न सकिन्छ । यसरी प्रदर्शन गरेर शिक्षण गर्दा चिर स्थायी धारणको विकास हुने गर्दछ ।

ख) शब्दार्थसम्बन्धी कठिनाइको निवारण : पाठ्य कवितामा विद्यार्थीहरूका लागि कतिपय शब्द, शब्दावली, कठिन हुन सक्छन् । प्रस्तावनापछि त्यस्ता कठिन शब्द, शब्दावलीको अर्थ शिक्षण गर्दा विद्यार्थीलाई कविताको मर्म ठम्याउन सरल हुन्छ । कठिन शब्द र शब्दावली कविताबाट छानी शब्दार्थ शिक्षणका विधिहरूको अवलम्बन गर्न सकिन्छ । शब्दकोशको प्रयोग यसका लागि उपयक्त हुन्छ । कक्षा १० मा अध्ययनरत प्राय सबै विद्यार्थीहरूलाई शिक्षकले पुस्तकालयमा भएको शब्दकोशका साथै मोवाइल फोनमा प्रज्ञा वृहत् नेपाली शब्दकोश डाउनलोड गरी शिक्षण गर्न सकिन्छ । यसले गर्दा कुनै पनि शब्दको अर्थ बताउन वा कुनै शब्द वा शब्दावलीको अर्थ नजानेर अलमलिनु पर्दैन । यसले विद्यार्थीहरू उत्साहित हुन्छन् । यसरी कठिनाइ स्तरको निवारण भई सकेपछि भने त्यस्ता शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनु राम्रो हुने भएकाले कविता शिक्षणको यो चरण उपयुक्त रहेको छ ।

ग) आदर्श पाठ र अनुकरण वाचन : पाठ्य कविताको उपयुक्त गति, यति, र लय मिलाएर शिक्षकले आदर्श गरिदिनु पर्दछ । छन्दोबद्ध कविताहरू सोही अनुसारको लयमा पाठ गर्नुपर्दछ । अनुकरणीय स्वर नभएका शिक्षकहरूले आरोह अवरोहको ज्ञान दिएर विद्यार्थीहरूको सहायता लिएर पाठ गरिदिनु पर्दछ । यसका लागि विद्यालयका कक्षाकोठामा रहेको इन्टरएक्टिभ बोर्डमा नै युट्युवमा कविता खोजी आदर्श वाचन गराएर सुनाउने तथा देखाउने गर्न सकिन्छ । यसरी आदर्श पाठ गर्दा शिक्षक र विद्यार्थीहरू दुबैले सामूहिक रूपमा र प्रतिनिधिमूलक रूपमा गर्न सकिन्छ ।

घ) बोध प्रश्नोत्तर : अनुकरण वाचनपछि पाठ्य कविताका बारेमा विद्यार्थीमा सामान्य धारण बसिसक्ने हुनाले यस चरणमा मौखिक प्रश्नोत्तर गराउनु पर्दछ । यसो गर्नाले विद्यार्थीहरूमा परनिर्भता घट्ने र शिक्षकहरूलाई पनि विद्यार्थीको कठिनाइस्तर पत्ता लगाउन सजिलो हुने गर्दछ । यो चरणको शिक्षण गर्दा बोध प्रश्नोत्तरको समयमा प्रश्नहरू बनाई एक एक गरी पावरप्वइन्टमा देखाउने र छलफल गराउनु पर्दछ ।

ङ) भावार्थ सम्बन्धी अभ्यास : यस क्रममा विद्यार्थीलाई प्राप्त पृष्ठपोषणको समेत ख्याल गरेर शिक्षकले उपयुक्त शैक्षिक सामग्रीको प्रदर्शन गरेर पाठ्य कविताको भाव व्याख्या गरिदिनु पर्दछ । यसका लागि प्रयोग गरिने शैक्षिक सामग्री भनेको प्रोजेक्टर, स्लाइडहरू हुन् । शिक्षकले मूल भावलाई समेटेर लेख्नु पर्दछ र त्यसलाई कक्षामा प्रदर्शन गर्न सकेमा शिक्षण प्रभावकारी हुने गर्दछ । यसमा पनि प्रविधिको सहायता महत्वपूर्ण हुन्छ । विद्यार्थीहरू व्याख्या मात्र गर्दा भन्दा प्रदर्शन गरेर शिक्षण गर्दा बढी उत्साहित हुने गर्दछन् ।

च) मूल्याङ्कन : यस क्रममा विद्यार्थीहरूलाई पाठ्य कविताका बारेमा विभिन्न प्रश्नहरू सोधी मूल्याङ्कन गर्न सकिन्छ । यो मूल्याङ्कन सम्बन्धित पाठमा मात्रै केन्द्रित हुनु पर्दछ । मूल्याङ्कनलाई कक्षाकार्यका रूपमा वा गृहकार्यका रूपमा प्रयोग गर्न सकिन्छ । वर्तमान विद्यार्थीले कक्षाकार्य भन्दा गृहकार्यमा बढी रूचि देखाउन सक्छन् । यसको कारण भनेको विद्यालयमा मोवाइल फोन ल्याउन नपाइने र घरमा भए मोवाइल फोनबाट हेरेर सबै मिलाएर लेखेर ल्याउन पाइने हुनाले गृहकार्यका लागि उनीहरू उत्साहित हुने गर्दछन् । मूल्याङ्कनका लागि तयार सामग्रीलाई कक्षा समूहमा पठाइदिने र विद्यार्थीले घरमा सो बारेमा लेखेर ल्याउने गराउन सकिन्छ ।

**तालिका** **२**

*कक्षा १० मा कविता विधा शिक्षणका लागि प्रयोग गर्न सकिने प्रविधिका साधनहरू*

| **कविताको शीर्षक** | **प्रयोग गर्न सकिने प्रविधिका साधन** | **प्रयोग गर्ने तरिका** | **शिक्षण–सिकाइमा अपेक्षित प्रभाव** |
|---|---|---|---|
| उज्याले यात्रा | प्रोजेक्टर, स्मार्टबोर्ड, मल्टिमिडिया स्लाइड, अडियो, भिडियो वाचन | कवि र कविताको पृष्ठभूमि प्रोजेक्टरमा देखाउने, कविता अडियो वा भिडियोमार्फत वाचन गराउने, उज्यालो (ज्ञान र प्रगति) सम्बन्धी दृश्य देखाएर भाव बुझाउने | विद्यार्थीले कविता सुन्दर रूपमा वाचन गर्न सक्ने, उज्यालो यात्राको प्रतिक (ज्ञान, शिक्षा, प्रगति) बुझ्न सक्ने, प्रगतिको यात्रामा शिक्षा र प्रविधिको महत्व पहिचान गर्न सक्ने |
| नेपाली हाम्रो श्रम र सिप | प्रोजेक्टर वा स्क्रीन, श्रम र सिपका फोटा वा भिडियो, युट्युब सामग्री, ई–डिक्सनरी, गुगल सर्च | श्रम र सिपसँग सम्बन्धित चित्र वा भिडियो देखाएर परिचय दिनु, कविता वाचन र व्याख्या गराउनु, कठिन शब्दको अर्थ अनलाइन/अफलाइन शब्दकोशको प्रयोग गरी बुझाउनु, समूह छलफलमार्फत श्रम र सिपको महत्वमाथि विचार आदानप्रदान | विद्यार्थीले श्रम र सिपको मूल्य र सम्मान गर्न सक्ने, कविता वाचन र व्याख्या क्षमताको विकास हुने, नेपाली समाजमा श्रमिकको योगदान पहिचान गर्ने, सिर्जनात्मक सोच र आलोचनात्मक दृष्टि विकास गर्ने |
| गाउँमाथि एउटा कविता | प्रोजेक्टर, स्मार्टबोर्ड, गाउँका दृश्य, फोटो/भिडियो, माइक्रोफोन, स्पिकर आदि | गाउँसम्बन्धी दृश्य देखाएर भावनात्मक वातावरण सिर्जना गर्ने, विद्यार्थीलाई माइक प्रयोग गरेर कविता वाचन गराउने, गाउँ र सहरको तुलनाका विषयमा समूह छलफल गराउने, डिजिटल क्विजमार्फत मूल्याङ्कन गर्ने | विद्यार्थीले गाउँको सौन्दर्य र यथार्थ बुझ्ने, एकापसको माया र जिम्मेवारीबोधमा बृद्धि हुने, वाचन कौशल र प्रस्तुतीकरण क्षमताको विकास हुने, कविताको विश्लेषण गर्ने आलोचनात्मक दृष्टि प्राप्त गर्ने |

कविताहरूको शिक्षणमा प्रविधिको प्रयोग गर्ने सन्दर्भमा विषय शिक्षकहरू सबैले पाठ्य कविता सबैमा नै प्रविधिको प्रयोग गरेर शिक्षण गर्नु राम्रो हुन्छ । अन्य विधाको शिक्षणमा भन्दा कविता विधाको शिक्षणमा प्रविधिको प्रयोग बढी गर्न सकिन्छ ।  स्मार्टबोर्ड मै युट्युवमा खोजी गरी कविता सुनाएर कविताका बारेमा जानकारी गराउने, कविका फोटाहरू, कविता लेखनका प्रवृत्तिहरू, मूलभाव र आदर्श वाचनका लागि समेत प्रविधिको प्रयोग गर्ने गरेमा विद्यार्थीको सिकाइ प्रभावकारी हुने गर्दछ । यसले विद्यार्थीहरूलाई कविताको भाव, लय र अर्थ बुझ्न मदत गर्दछ साथै उनीहरूको सिर्जनात्मक क्षमताको पनि विकास गर्दछ । कविता विधाको शिक्षणमा प्रविधिको प्रयोगका विभिन्न पक्षहरू जस्तै : श्रव्यदृश्य सामग्रीको प्रयोग, अन्तरक्रियात्मक प्लेटफर्महरू, सिर्जनात्मक लेखन उपकरणहरू र भाषा अनुवाद उपकरणहरूको प्रयोग गर्न सकिन्छ । कक्षा १० को नेपाली शिक्षणमा कविता विधाको विशेष स्थान रहेको छ । कविता मात्र साहित्यिक सौन्दर्यको प्रतीक मात्र होइन, जीवन दर्शन, सामाजिक चेतना र भावनात्मक अनुभूतिको वाहक पनि हो । यस तहका विद्यार्थीलाई कविता सिकाउने क्रममा तिनको भावनात्मक संवेदनशीलता, सिर्जनात्मकता र

सौन्दर्यबोधलाई एकैसाथ सक्रिय तुल्याउनु पर्दछ । परम्परागत तरिकाले मात्र वाचन र व्याख्यामा सीमित कविता शिक्षण प्रर्याप्त हुँदैन । आधुनिक शैक्षिक परिप्रेक्ष्यले प्रविधिको प्रयोगसहित कविता सिकाउने अभ्यासलाई समयसापेक्ष र प्रभावकारी बनाएको छ ।

कविता शिक्षणमा प्रविधि प्रयोगको अर्को महत्वपूर्ण पक्ष भनेको अन्तरक्रियात्मक अभ्यास हो । विभिन्न प्लेटफर्ममार्फत अनलाइन उपकरणको प्रयोग गरेर कवितासम्बन्धी प्रश्नोत्तर, बहुवैकल्पिकीय अभ्यास र समूहगत छलफल गराउन सकिन्छ । यसले विद्यार्थीलाई निष्क्रिय श्रोता होइन सक्रिया सहभागी बनाउँछ । त्यस्तै श्रम र सिप वा गाउँजस्ता विषयका कवितामा तस्विर वा भिडियो देखाएर विद्यार्थीले आफ्ना अनुभवसँग कवितालाई जोड्न सक्छन् जसले सिकाइलाई जीवन्त र व्यवहारिक बनाउँछ । प्रविधि प्रयोगसहितको कविता शिक्षणले सिर्जनात्मक गतिविधिलाई पनि बल दिन्छ । विद्यार्थीलाई कम्प्युटर वा मोवाइलमा आफ्नै छोटा कविता लेख्न र प्रस्तुति बनाउन र डिजिटल पोर्टफोलियो तयार गर्न लगाइन्छ भने उनीहरूमा सिर्जनात्मक लेखन क्षमताको विकास हुन्छ । यसरी कविता शिक्षण मात्र कण्ठ गर्ने प्रक्रिया नभई अनुभव गर्ने, लेख्ने र प्रस्तुत गर्ने प्रक्रिया बन्छ । प्रविधिको सहायताले विद्यार्थीले आफ्नो काम तुरुन्तै सहपाठी वा शिक्षकसँग साझा गर्न सक्ने भएकाले सहपाठी सिकाइ समेत सहज हुन्छ ।

यसरी हेर्दा कक्षा १० को कविता विधा शिक्षणमा प्रविधिको प्रयोगले शिक्षणलाई धैरै पक्षमा समृद्ध बनाउँछ । कविता शिक्षणले साहित्यिक ज्ञान मात्र दिन्छ भन्ने होइन बरु विद्यार्थीलाई समाज, संस्कृति र जीवनप्रतिको संवेदनशील दृष्टि दिन्छ । प्रविधिको प्रयोगले सिकाइलाई अन्तरक्रियात्मक, जीवन्त र स्थायी बनाउँछ । त्यसैले कविता शिक्षणमा प्रविधिका साधनको उचित र सन्तुतिल प्रयोगले विद्यार्थीमा साहित्यिक रुचि, सिर्जनात्मकता र आलोचनात्मक दृष्टि दुवै विकास गर्ने अपेक्षा गर्न सकिन्छ ।

## निष्कर्ष

कक्षा १० का विद्यार्थीहरूका लागि कथा र कविता विधा शिक्षणमा प्रविधिको प्रयोग अनिवार्य शैक्षिक आवश्यकता बनेको छ । परम्परागत पठन पाठनले सीमित अनुभव दिन्छ भने प्रविधियुक्त शिक्षणले दृश्य, श्रव्य र अन्तरक्रियात्मक वातावरण सिर्जना गरेर विद्यार्थीलाई सक्रिय, जिज्ञासु र सिर्जनशील बनाउँछ । कथामा पात्र र घटनाक्रमलाई मल्टिमिडिया, भिडिया वा प्रस्तुति मार्फत जीवन्त बनाउन सकिन्छ भने कवितामा भाव र लयलाई डिजिटल ध्वनि, एनिमेसन वा चित्रणको माध्यमबाट प्रभावकारी रूपमा प्रस्तुत गर्न सकिन्छ । यसले विद्यार्थीको भाषिक दक्षता मात्र होइन सौन्दर्यबोध, विश्लेषणात्मक सोच र मूल्य मान्यताको विकासमा पनि योगदान पुर्याउँदछ । प्रविधिको उचित र सन्तुलित प्रयोगले कथा र कविता विधा शिक्षणलाई अझ प्रभावकारी, समावेशी र परिणाममुखी बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । प्रविधियुक्त शिक्षणले विभिन्न सिकाइ शैली भएका विद्यार्थीलाई पनि समान आवसर दिन्छ । यसरी हेर्दा कथा कविता वा अन्य विधाको शिक्षण र प्रविधिको प्रयोग बिचको संयोजन केवल प्रयोगात्मक कुरामात्र होइन शैक्षिक नवप्रयोग पनि हो भन्न सकिन्छ । यसले विद्यार्थीमा भाषा दक्षता, जीवन मूल्य र सिर्जनात्मक क्षमताको विकास गर्न महत्वपूर्ण योगदान पुर्याउँदछ । अझ भविष्यमा यस्ता विधा शिक्षणका लागि थप डिजिटल प्लेटफर्मका साथै कृत्रिम बुद्धिमताको प्रयोग पनि हुन सक्छ ।

अनुसन्धानात्मक लेख लेखन र प्रकाशन कार्यका लागि विद्यावारिधि विद्वतवृत्ति प्रदान गरी थप हौसला र प्रेरणा प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०५७), नेपाली भाषा शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति, विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, बाबुराम ((२०६२), पुराना कवि र कविता, (नवौं संस्करण), साझा प्रकाशन ।

पोख्रेल, केशवराज र काफ्ले, उमेश (२०७६), नेपाली भाषा शिक्षण, क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०६७), भाषिक विधा शिषण, विद्यार्थी पुस्तक भण्डार ।

भट्टराइ, रामप्रसाद, कँडेल, श्रीप्रसाद र अर्याल, कलाधर (२०७९), नेपाली भाषा शिक्षण, शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०७४), नेपाली भाषा शिक्षणका समसामयिक सन्दर्भहरू, विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६), पाठ्यक्रम विकास केन्द्र ।

रिमाल, डिल्लीराम (२०५७), नेपाली भाषाशिक्षण (तेस्रो संस्करण), विद्यार्थी पुस्तक भण्डार ।

वर्मा, राजेन्द्र (सन् १९७०), साहित्य समीक्षा के पाश्चात्य मानदण्ड, भोपालः मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६७), नेपाली भाषा र साहित्य शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा एन्ड शर्मा (२०६३), शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा, एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, केदार प्रसाद (२०५०), नेपाली भाषा शिक्षण, शैक्षिक जनशक्ति विकाश केन्द्र ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७९), नेपाली भाषा शिक्षणका सन्दर्भहरू, विद्यार्थी पुस्तक भण्डार ।

हार्मर, जिरिमे (सन २००८), इङ्लिस ल्याङ्ग्वेज टिचिङ, क्याम्ब्रिज युनिभर्सिटी ।

Creswell, J. W. (2007). *Qualitative inquiry and research design: Choosing among five approaches*. Sage Publication.

Mohanty, L., & Vohra, N. (2006). *ICT strategies for schools: A guide for school administrators*. Sage Publication.

Ramli, R., & Ramli, R. (2013). ICT supported cooperative learning: Towards attaining twenty-first century skills. *International Journal of Asian Social Science, 3*(9), 2026–2033.

Roblyer, M. D. (2008). *Integrating educational technology into teaching*. Pearson Education Inc.

UNESCO. (2013). *Building capacity of teachers*. Author.